# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रविन्द्रकुमार शाक्य श्रीलंकाको कोलम्वोमा हुने कोलम्वो योजनाको ३६ औं परामर्शदातृ समितिको वैठकमा भागलिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा मिति २०५३।७।११ देखि सोही सचिवालयका का. मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई र का. मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठ पनि मिति २०५३।७।१४ गते मलेशियाको अध्ययन भ्रमणमा जानु भएकोले उहाँ अनुपस्थित हुने सो मितिदेखि सचिव वा का. मु. विशेष सचिव फर्की हाजिर नभएसम्मका लागि सोही सचिवालयका सह-सचिव श्री श्रीकान्त रेग्मीलाई निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारी चीनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन अधिकृत (रा. प. प्र. प्रा.) श्री दामोदरप्रसाद पराजुलीलाई मिति २०५३।८।९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

उद्योग मन्त्रालयका सचिव डा. भोलानाथ चालिसे एशियाली उत्पादकत्व संगठन जापानको संयोजकत्वमा आगामी डिसेम्बर १९९६ को ४ देखि ६ सम्म फिलिपिन्समा संचालन हुने Asian Productivity organisation (APO) 'World conference on green Productivity विषयक विश्व सम्मेलनमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सहसचिव श्री रामानन्द मिश्रलाई मिति २०५३।८।१७ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय नेरोबीमा हुने Senior Government officials Expert in Environmental Law for the Mid-term Review of the Montevideo Programme II विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा भागलिन जानु हुने भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लोकेन्द्रमान प्रधानलाई मिति २०५३।८।१७ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रविन्द्रकुमार शाक्य क्वालालम्पुरमा हुने ए. पी. डी. सी. को जनरल काउन्सिलको दशौं बैठकमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का.मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई मिति २०५३।८।३० गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

सिंचाई विभागका महानिर्देशक श्री यादव लाल वैद्य अमेरिका तथा मेक्सिको अवलोकन भ्रमणमा जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो महा-निर्देशक पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागका उप-महानिर्देशक श्री महेशमान श्रेष्ठलाई मिति २०५३।८।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
डा. द्वारिकानाथ ढुङ्गेल
श्री ५ को सरकारको सचिव

६९३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।६।२ को निर्णयानुसार लोक सेवा आयोगबाट नेपाल न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदको लागि लिइएको खुल्ला प्रतियोगिता परीक्षामा सफल भए बमोजिम देहायका व्यक्तिहरूलाई देहायको समूह, पद तथा कार्यालयमा नियुक्ति एवं पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, थर | नियुक्ति एवं पदस्थापन भएको समूह, पद र कार्यालय |
|---|---|---|
| १. | श्री अमृतबहादुर बस्नेत | सरकारी वकिल समूह उप-सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। |
| २. | श्री ईन्द्रकुमार चोङ्गटेन्ली | कानून समूह, उप-सचिव, कानून तथा न्याय मन्त्रालय। |

आज्ञाले,
भेषराज शर्मा
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।